# नेपाल उद्योग वाणिज्य महासंघ
## Federation of Nepalese Chambers of Commerce & Industry
FNCCI


पत्र संख्या: एजिएम १ ( ४३/६५ ( ६ )

२०६५/११/२१

**श्री सदस्य महानुभावहरु,**
**नेउवामहासंघ ।**

**बिषय: त्रिचालीसौं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवसको सूचना ।**

महोदय,

यस महासंघको विधान (पाँचौं संशोधन) अनुसार महासंघको वार्षिक साधारण सभा चैत्र मसान्त भित्र गरी सक्नु पर्ने प्रावधान अनुसार त्रिचालीसौं वार्षिक साधारण सभा २०६५ चैत्र २८ गतेदेखि २९ गते (तदनुसार १०–११ अप्रिल २००९) काठमाडौंमा आयोजना गर्ने निर्णय अनुसार कार्यक्रम तर्जुमा भएको जानकारी गराउन पाउंदा हर्ष लागेको छ ।

यस पटकदेखि चैत्र २८ गते आयोजना गरिने "उद्योग वाणिज्य दिवस" र महासंघको वार्षिक साधारण सभा एकैपटक गर्ने तय भए अनुसार यस सम्बन्धी संक्षिप्त कार्यक्रम र अन्य व्यवस्था निम्न अनुसार छ ।

१. **उद्घाटन एवं कार्यक्रम हुने स्थान:**

वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवसको समुद्घाटन २०६५ साल चैत्र २८ गते क्रवार (तदनुसार १० अप्रिल २००९) २:०० बजेदेखि रजिष्ट्रेशन शुरु हुने गरी होटल हायात रेजेन्सी, बौद्ध, काठमाडौंमा गर्ने गरी कार्यक्रम तर्जूमा गरिएको छ ।

२. **मूख्य कार्यक्रम:**

(१) प्रमुख अतिथिबाट त्रिचालीसौं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवसको समुद्घाटन र सम्बोधन ।

(२) प्रमुख वक्ता (Key Note Speaker) द्वारा अवधारणापत्र प्रस्तुत ।

(३) अध्यक्षको सम्बोधन माथि छलफल गरी अनुमोदन गर्ने ।

(४) महानिर्देशकद्वारा प्रस्तुत "वार्षिक प्रतिवेदन २०६५" माथि छलफल गरी अनुमोदन गर्ने ।

(५) आ.व. २०६४/६५ को लेखा परीक्षकको प्रतिवेदन सहितको वासलात र आय व्यय विवरण माथि छलफल गरी अनुमोदन गर्ने ।

(६) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने ।

(७) कार्यकारिणी समितिद्वारा प्रस्तुत प्रस्तावहरु उपर छलफल गरी अन्तिम रुप दिने ।

(८) मुख्य प्रतिनिधिहरुद्वारा मन्तव्य व्यक्त गर्ने ।

[द्रष्टव्य : (क) यसै अवसरमा २०६५ साल चैत्र २८ गते महासंघ–कृषि उद्यम केन्द्रको आयोजनामा **कृषि मेला २०६५** को आयोजना भृकुटीमण्डप काठमाडौंमा गर्ने


P.O. Box: 269, Shahid Shukra FNCCI Milan Marg, Pachali, Teku, Kathmandu, Nepal.
Tel : 4262061, 4262218, 4266889
Cable : FEDERATION, Fax: 977-1-4261022, 4262007
E-mail : fncci@mos.com.np

पो.ब.नं. २६९, शहीद शुक्र एफएनसीसीआई मिलन मार्ग, पचली, टेकु, काठमाडौं, नेपाल
टेलिफोन : ४२६२०६१, ४२६२२१८, ४२६६८८९
तार : फेडरेशन
फ्याक्स : ९७७-१-४२६१०२२, ४२६२००७

http://www.fncci.org

र उक्त मेलाको समुद्घाटन समेत २०६५ साल चैत्र २८ गते सम्पन्न गर्ने गरी कार्यक्रम तर्जुमा गरिएको छ ।

(ख) सभाको अरु थप विस्तृत कार्यक्रम सभा स्थलमा उपलव्ध गराइने छ । ]

३. **सभामा प्रतिनिधित्वः**

३.(१) वार्षिक साधारण सभामा भाग लिने प्रतिनिधि मण्डलको नियुक्तिको लागि भर्न पर्ने प्रतिनिधि पत्र १ (एक) यसै साथ संलग्न छ । उक्त प्रतिनिधि पत्र महासंघको सचिवालयमा साधारण सभा शुरु हुनु अगावै आई पुग्नु पर्ने छ ।

३.(२) साधारण सभामा भाग लिन प्रत्येक जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघबाट मुख्य प्रतिनिधि समेत २ (दुई) जनासम्म, बस्तुगत संघबाट मुख्य प्रतिनिधि समेत २ (दुई) जनासम्म र द्विराष्ट्रिय उवासंघ एवं एशोसिएट सदस्यबाट १/१ (एक/एक) जना प्रतिनिधि पठाउन सकिने छ ।

३(३) कार्यक्रम संचालन गर्ने स्थान (Space) को अभावको कारण सदस्य संघ/संस्थाहरुबाट यो वर्ष पर्यवेक्षकको व्यवस्था गरिएको छैन ।

४. **वार्षिक सदस्यता शुल्क एवं प्रतिनिधि शुल्कः**

४.(१) त्रिचालीसौं वार्षिक साधारण सभा शुरु हुनु अगावै आ.व. २०६५/६६ को महासंघको वार्षिक सदस्यता शुल्क तिरी सकेका सदस्य संघ/संस्थाहरुको मुख्य प्रतिनिधि तथा प्रतिनिधिहरुले मात्र उक्त सभामा भाग लिन सकिने छ ।

४.(२) महासंघका भू.पू. अध्यक्ष एवं सल्लाहकार समिति सदस्य वाहेक वार्षिक साधारण सभामा भाग लिन जनही रु. १०००। (एक हजार रुपैयां) प्रतिनिधि शुल्क लाग्ने छ ।

५. **प्रस्तावः**

वार्षिक साधारण सभाको विचारार्थ पेश हुने प्रस्तावहरु भएमा महासंघको सचिवालयमा **२०६५ साल चैत्र १८ गते कार्यालय समय** भित्र आई पुग्ने गरी पठाउनु पर्ने छ ।

**संलग्नः**

१. वार्षिक प्रतिवेदन (आ.व. २०६४/६५ को वासलात र लेखा परीक्षकको प्रतिवेदन सहित) ।
२. प्रतिनिधि पत्र थान १ (एक) ।

भवदीय,

( मेघनाथ न्यौपाने )
महानिर्देशक

**बोधार्थः**

श्री अध्यक्षज्यू, नेउवामहासंघ ।
श्री निवर्तमान अध्यक्षज्यू, नेउवामहासंघ ।
श्री वरिष्ठ उपाध्यक्षज्यू एवं उपाध्यक्षज्यूहरु, नेउवामहासंघ ।
श्री का.स. सदस्यज्यूहरु, नेउवामहासंघ ।